नेपाल सरकार

गृह मन्त्रालय

जिल्ला प्रशासन कार्यालय,पर्सा

प्रमुख जिल्ला अधिकारी श्री गणेश अर्याललेगरेको फैसला

**मुद्दा-: अभद्र व्यवहार ।**

**मि.नं.-२०७ दायर मिति:-२०८१/०९/०१**

**फैसला मिति:-२०८१/०९/०३**

| वादी | प्रतिवादी |
|---|---|
| प्र.ब.ह.गोबिन्द प्रसाद रिमालको प्रतिवेदनले नेपाल सरकार.........................१ | देश भारत राजस्थान राज्य जिल्ला बुनदी थाना जयपुर ईन्डोली ग्राम मोतिपुर बस्ने लालु राम कहारको छोरा वर्ष २७ को तुलसी राम कहार........१ |

प्रस्तुत मुद्दा यस कार्यालयको क्षेत्राधिकार भित्र पर्ने भई यस मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छः-

**तथ्य-खण्ड**

१. प्रतिवादीले जाहेरवालालाई गाली गलौज गर्दै अभद्र व्यवहार गरेको भन्ने प्रहरी प्रतिवेदन.।
२. प्रतिवादीले जाहेरवालालाई गाली गलौज गर्दै अभद्र व्यवहार गरेको भन्ने समेत व्यहोराको घटनास्थल मुचुल्का ।
३. मैले जाहेरवालालाई गाली गलौज गर्दै अभद्र व्यवहार गरेकोले पक्राउ गरेको हो भन्ने प्रतिवादीको बयान कागज।
४. जाहेरवालालाई गाली गलौज गर्दै अभद्र व्यवहार गरेकोले कानून बमोजिम कारवाही हुनु पर्छ भनि मौकामा बुझिएका सन्तोष साह कानु समेतको घटनाविवरण कागज।
५. जिल्ला सरकारी वकिल कार्यालय, पर्साको अभियोग पत्र ।
६. प्रतिवादी यस कार्यालयमा उपस्थित भई गरेको साविती बयान ।

**ठहर-खण्ड**

यसमा मिति २०८१।०८।२५ गते राती अं.२२:१५ बजेको समयमा जिल्ला पर्सा बीरगंज महानगरपालिका वडा नं. १७ आई.सि.पि. गेट स्थित बीरगंज पावरहाउस चोकको ट्राफिक प्रहरीले विभिन्न सवारी साधन रोकी चेकजाँच गर्ने क्रममा RJ ०९ GD २५१७ नम्बरको ट्रक गाडीलाई रोक्न खोज्दा उक्त गाडी नरोकी भागि गएकोमा वारदातस्थलमा प्रहरीले प्रतिवादी तुलसी राम कहारलाई उक्त गाडी सहित रोकी सो सम्बन्धमा सोधपुछ गर्दा निज प्रतिवादी रिस आवेशमा आई प्रहरीलाई गाली गलौज गरी अभद्र व्यवहार गरेको हुँदा निज प्रतिवादीलाई कानून बमोजिम कारबाही होस् भन्ने प्रहरी प्रतिवेदन तथा घटनास्थल मुचुल्का, सोही व्यहोरालाई पुर्ण समर्थन हुने गरी मौकामा बुझिएका घटनाविवरणको साक्षीहरुले गरी दिएको कागज तथा अधिकार प्राप्त अधिकारी समक्ष यी प्रतिवादीले गरेको बयान तथा प्रतिवादी यस कार्यालयमा उपस्थित भई गरेको साविती बयान समेतको आधारमा यी प्रतिवादीले मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(१) बमोजिम कसूर गरेको ठहर्छ। यसरी वारदातस्थलमा प्रहरीले प्रतिवादी तुलसी राम कहारलाई उक्त गाडी सहित रोकी सो सम्बन्धमा सोधपुछ गर्दा निज प्रतिवादी रिस आवेशमा आई प्रहरीलाई गाली गलौज गरी अभद्र व्यवहार गरेको तथ्य स्थापित हुन गएको देखिएको अवस्था समेतलाई बिश्लेषण गरी मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(२) बमोजिम प्रतिवादी तुलसी राम कहारलाई कैद दिन ७ र जरिवाना रु.१००००/- अक्षरेपी दस हजार मात्र ठहर्छ। अरुमा तपसिल बमोजिम गर्नु भनी यो फैसला गरिदिए।

**तपसिल खण्ड**

१.माथि इन्साफ खण्डमा लेखिए बमोजिम मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(१) बमोजिमको अपराधमा ऐ.संहिताको दफा ११८(२) बमोजीम प्रतिवादी तुलसी राम कहारलाई ठहरेको कैद दिन ७ को हकमा निज मिति २०८१/०८/२६ देखि २०८१/०९/०२ सम्म हिरासतमा बसी कैद भुक्तान गरिसकेको र जरिवानाको हकमा रकम रु.१००००/- असुल उपर गर्नु----१

२. प्रस्तुत फैसलामा चित नबुझे ७० दिन भित्र पर्सा जिल्ला अदालत वीरगंजमा पुरावेदन गर्नुभनी प्रतिवादीलाई पुनरावेदनको म्यादिनु-१

३. फैसलाको जानकारी जिल्ला सरकारी वकिल कार्यालय पर्सालाई दिनु----------------------------------------------------------१

४. प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गर्नु र सरोकारवालाले फैसलाको नक्कल माँग गरेमा रितपुर्वक नक्कल दिनु----------------------१

**गणेश अर्याल**

**प्रमुख जिल्ला अधिकारी**

ईति सम्बत् २०८१ पौष महिना ३ गते बुधवार रोज ४/ ने.सं. ११४५ थिंलागा तृतिया, शुभम् ........